**प्रशासन** असार २०८२, वर्ष ५७, अङ्क १, पूर्णाङ्क १४१, १६-३०
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v57i1.80652
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# विपद् प्रभावितहरुको राहत व्यवस्थापनः विद्यमान व्यवस्था, समस्या र समाधानका उपाय

**कृष्ण बहादुर राउत**[†]

## लेखसार

विश्वको कुल गार्हस्थ उत्पादनको करिब ३ प्रतिशत हिस्सा वार्षिक रूपमा विपद्कै कारण क्षति हुने गरेको छ। नेपालमा पनि वार्षिक रूपमा कुल गार्हस्थ उत्पादनको करिब ३ देखि ५ प्रतिशतसम्म विपद्बाट क्षति हुने गरेको छ। संयुक्त राष्ट्र संघले सन् २०१५ मार्चमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी तेस्रो विश्व सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, आर्थिक तथा भौतिक क्षतिलाई सन् २०३० सम्ममा उल्लेखनीय रूपमा कमी ल्याउने उद्देश्यका साथ 'सेन्डाई कार्यढाँचा' पारित गरेको छ। नेपालको संविधान लागू भएपश्चात् नेपालले विपद् व्यवस्थापनको कामलाई तीन तहकै साझा कामभित्र राखी संवैधानिक व्यवस्था गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ जारी गरी संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट गर्नुका साथै सबै प्रदेश र केही स्थानीय तहहरूमा विपद् व्यवस्थापनसम्बन्धी ऐन तथा नीति/योजना पारित गरी संस्थागत समन्वय संयन्त्र तथा विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था गरिएको छ। साथै, नेपाल सरकार, सबै प्रदेश सरकारहरू र स्थानीय तहहरूले राहतसम्बन्धी कार्यविधि तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याएका छन्। तर, वर्तमान सङ्घीय शासन प्रणालीसँग मेल खाने गरी राहत वितरण कार्यलाई प्रभावकारी बनाउन एकीकृत राहत मापदण्ड आवश्यक छ। राहत मापदण्डले 'स्फेयर मापदण्ड'का प्रावधानलाई पनि ध्यानमा राखी राहत वितरणमा दोहोरोपना, अपारदर्शिता तथा राजनीतिक हस्तक्षेपजस्ता हाल भोगिएका टड्कारा समस्याहरूलाई समाधान गर्न सक्नुपर्दछ। यस मापदण्डले विपद् प्रभावितहरूलाई प्रदान गरिने तत्काल राहतसम्बन्धी आधारमा तत्कालीन र दीर्घकालीन कार्यढाँचाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

[†] *सचिव, नेपाल सरकार*

*इमेलः krishnaraut78@gmail.com*

***शब्दकुञ्जी:*** जोखिम न्यूनीकरण, स्फेयर मापदण्ड, जीविकोपार्जन, पुनर्स्थापना, एकद्वार प्रणाली।

## पृष्ठभूमि

नेपाल विश्वमा भूकम्पीय जोखिम तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने संकटासन्नताका आधारमा उच्च जोखिमयुक्त राष्ट्रहरूमध्ये पर्दछ। विभिन्न प्रकोपका कारणले हुन सक्ने जोखिमले जिउधनको क्षति, सार्वजनिक सम्पत्तिको नोक्सानी, आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा नकारात्मक प्रभाव पारिरहेको छ। गृह मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार सन् १९७१ देखि २०१५ अर्थात् ४५ वर्षको दौडानमा विभिन्न प्रकारका विपद्का घटनाहरूबाट नेपालमा चालीस हजारभन्दा बढी मानिसको मृत्यु भएको छ भने पचहत्तर हजारभन्दा बढी मानिस घाइते भएका छन्। सन् २०१६ देखि हालसम्मका वर्षहरूमा भूकम्प, कोभिड-१९, बाढी, पहिरो लगायतका घटनाहरूमा भएको बढोत्तरीसँगै विपद्बाट भएको जनधनको क्षतिमा अझ वृद्धि हुँदै गएको छ।

संयुक्त राष्ट्र संघले विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तर्राष्ट्रियस्तरमा भएको पहिलो सम्मेलन सन् १९९४ मा योकोहामामा आयोजना गरेको थियो। त्यसपछि सन् २००५ मा जापानको ह्योगो सहरमा दोस्रो विश्व सम्मेलन सम्पन्न भएको थियो। यसबाट 'ह्योगो फ्रेमवर्क अफ एक्सन' पारित गरी कार्यान्वयनमा ल्याइयो। सन् २०१५ मार्चमा जापानको सेन्डाईमा भएको विपद् जोखिम न्यूनीकरणसम्बन्धी तेस्रो विश्व सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, आर्थिक तथा भौतिक क्षतिलाई सन् २०३० सम्ममा उल्लेखनीय रूपमा कमी ल्याउने उद्देश्यका साथ 'सेन्डाई कार्यढाँचा' पारित गरेको छ।

विपद्का घटनाले विकास संरचनाहरूको दिगोपनामा चुनौती सिर्जना गर्नुका साथै विश्वको कुल गार्हस्थ उत्पादनको करिब ३ प्रतिशत हिस्सा वार्षिक रूपमा विपद्कै कारण क्षति हुने गरेको छ। वास्तवमा, विश्वव्यापी रूपमा विपद्का घटनाहरूमा आएको यस्तो बढ्दो अवस्थाबाट सिर्जित मानवीय संकटलाई प्रभावकारी तवरले समयमै नियन्त्रण नगर्ने हो भने भयावह मानवीय संकट आउने अनुमान गर्दै संयुक्त राष्ट्र संघले विपद् र वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र घोषणापत्रहरू जारी गर्नुका साथै संस्थागत व्यवस्थाहरू समेत गर्न थाल्यो। विपद्को क्षेत्रमा विकास भएका नयाँ मान्यता र संयुक्त राष्ट्र संघका घोषणापत्रहरूप्रति देशको विपद् व्यवस्थापनलाई अगाडि बढाउने क्रममा नेपालमा पनि विपद् प्रभावितहरूलाई प्रदान गरिने 'राहत वितरणसम्बन्धी मापदण्ड, २०६४' तथा 'विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय कार्यढाँचा, २०६६' तर्जुमा गरी लागू भए।

नेपालको संविधान लागू भएपश्चात् नेपालले विपद् व्यवस्थापनको कामलाई तीन तहकै साझा कामभित्र राखी संवैधानिक व्यवस्था गरेको छ। विगतको एकात्मक शासन प्रणालीका लागि तयार गरिएका ऐन,

नियम तथा कार्यविधिहरूलाई संघात्मक शासन प्रणालीअनुरूप बनाउने क्रममा नेपालको 'दैवी प्रकोप उद्धार ऐन, २०३९' खारेज गरी 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' जारी गरियो। यस ऐनले संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट गर्नुका साथै संघमा विपद् व्यवस्थापन परिषद्, कार्यकारी समिति तथा प्राधिकरणको व्यवस्था एवम् प्रदेश, जिल्ला र स्थानीय तहमा संस्थागत व्यवस्थाहरू समेत गरेको छ।

यस ऐनले सङ्घीय तहमा एक कार्यकारी समितिको व्यवस्था गरी सोमार्फत् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विभिन्न कार्यहरू सम्पादन गर्नुका साथै विपद् प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै, सोही ऐनले संघमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठन गरी सोको काम, कर्तव्य र अधिकारअन्तर्गत राहत वितरण, राहत सामग्रीको व्यवस्था तथा राहत सामग्री भण्डारणका लागि गोदामघर सञ्चालन गर्ने/गराउने र विपद् व्यवस्थापनको समग्र समन्वय र क्षमता विकाससम्बन्धी कार्यहरू सम्पादन गर्ने/गराउने प्रावधान राखेको छ। यस प्राधिकरणले विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको सचिवालयको काम समेत गर्दछ।

त्यसैगरी, यस ऐनले प्रदेश तहमा प्रादेशिक विपद् व्यवस्थापन परिषद् र विपद् व्यवस्थापन कार्यकारी समिति एवम् जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिको समेत व्यवस्था गरी सोको काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ। यो ऐनको दफा ३६ मा अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहायता लिन सक्ने व्यवस्था समेत रहेको छ भने दफा ३९ मा राहतको न्यूनतम मापदण्ड निर्धारण गर्ने तथा एकद्वार प्रणालीबाट राहत वितरण गर्ने लगायतको व्यवस्था गरेको छ। साथै, दफा ३९ को उपदफा १ मा नेपाल सरकारले राहतको न्यूनतम मापदण्ड बनाई लागू गर्ने व्यवस्था समेत रहेको छ।

प्रदेश सरकारहरूले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गरी विपद् प्रभावितहरूलाई राहत वितरण गर्न विपद् व्यवस्थापन कोषको स्थापना, कोष परिचालन कार्यविधि, राहत वितरण तथा उद्धारसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेका छन्। यसै क्रममा सुदूरपश्चिम प्रदेशले 'प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५', 'राहत वितरणसम्बन्धी कार्यविधि, २०७६', 'हवाई उद्धार कार्यविधि, २०७६' तथा 'प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७' कार्यान्वयनमा ल्याएको छ। लुम्बिनी प्रदेशले विपद् व्यवस्थापनको लागि 'प्रदेश विपद् व्यवस्थापन कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७', 'प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५' र 'विपद् उद्धार खर्च सञ्चालन कार्यविधि, २०७५' तयार गरी कार्यान्वयनमा ल्याएको छ। गण्डकी प्रदेश सरकारले 'प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७' जारी गरी कार्यान्वयनमा ल्याएको छ।

त्यसैगरी, बागमती प्रदेश सरकारले 'प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५' संसदबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ भने सोही ऐनको दफा ४५ ले दिएको अधिकारबमोजिम 'बागमती प्रदेश विपद् कोष सञ्चालन कार्यविधि, २०७५' जारी गरी कार्यान्वयनमा ल्याएको छ। कोशी प्रदेश सरकारले 'प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५' संसदबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ। सोही ऐनले दिएको अधिकारबमोजिम कोशी प्रदेश सरकारले "विपद् खोज, उद्धार तथा राहत वितरणसम्बन्धी मापदण्ड, २०७६" जारी गरी कार्यान्वयनमा ल्याएको छ। त्यसैगरी, कोशी प्रदेश सरकारले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी 'विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५' समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ।

स्थानीय सरकार आफ्नो क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूका प्रति बढी संवेदनशील र उत्तरदायी हुनुपर्ने भएकोले विपद्को समयमा पनि स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ। त्यसैले विपद्बाट हुने क्षतिको न्यूनीकरण, रोकथाम, सहायता, खोज तथा उद्धारका लागि स्थानीय तहहरूले आफ्नो कानुन बनाई कार्यान्वयन गर्न सुरु गरेका छन्। उदाहरणका लागि, काठमाडौं महानगरपालिकाले 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५' र 'काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन कार्यविधि), २०७७' व्यवस्था गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कार्य गर्दै आएको छ।

त्यसैगरी, अन्य स्थानीय तहहरूले पनि विपद् व्यवस्थापनसम्बन्धी विभिन्न कानुनी व्यवस्थाका साथै स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन गरेका छन्। विपद् प्रभावितहरूका लागि तत्काल उद्धार, उपचार तथा आपत्कालीन राहत प्रदान पनि गरिरहेका छन्। विपद् प्रभावितहरूको पहिचान गर्ने, क्षतिको विवरण अद्यावधिक गर्ने, राहतका लागि सिफारिस गर्ने तथा संघ, प्रदेश र जिल्ला विपद् व्यवस्थापन कोषहरूबाट प्राप्त रकम विपद् प्रभावितहरूलाई राहतस्वरूप वितरण गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्।

## विपद् राहत व्यवस्थापनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास

विपद्पश्चात्को खोज, उद्धार, उपचार तथा तत्काल राहत व्यवस्थापनसम्बन्धी कार्य संवेदनशील र महत्त्वपूर्ण हुन्छ। संसारका विभिन्न देशहरूमा विपद् प्रभावितहरूका लागि राहत व्यवस्थापन गर्ने आ-आफ्नै अभ्यासहरू हुन्छन्। विपद् सम्बन्धी कार्य गर्ने संयुक्त राष्ट्र सङ्घीय निकाय तथा अन्य मानवीय सहायता संस्थाहरूले पनि राहत व्यवस्थापनसम्बन्धी कार्यविधि वा मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएका हुन्छन्। नेपालले पनि विगतको एकात्मक शासन प्रणाली भएका समयमा केन्द्रिकृत राहत व्यवस्थापन पद्धति अवलम्बन गरेको थियो। वास्तवमा, नेपालले दैवी प्रकोप उद्धार ऐन, २०३९ जारी गरी विपद् व्यवस्थापनका लागि कानुनी व्यवस्थाको सुरुवात गरेको देखिन्छ। त्यसअघिका विपद्का

घटनाहरूमा सरकारी आदेश, निर्देशनहरूका आधारमा मानवीय हित र कल्याणका हिसाबले राहत व्यवस्थापनसम्बन्धी कार्य हुँदै आएको थियो।

## विपद् राहत व्यवस्थापनसम्बन्धी विद्यमान राष्ट्रिय मापदण्ड

विपद् राहत व्यवस्थापनका सम्बन्धमा विगत लामो समयदेखि नै नेपाल सरकारले दैवी प्रकोप उद्धार ऐन, २०३९ को प्रावधानबमोजिम विभिन्न समयमा भएका विपद्का घटनाबाट प्रभावित नागरिकहरूलाई राहत प्रदान गर्दै आएको थियो। विपद्का घटनाहरूमा हुँदै गएको विपद्को बढ्दो अवस्था र खर्चमा पर्ने चापलाई मध्यनजर गरी वि.सं. २०६४ सालदेखि राहत मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसै क्रममा वर्तमान संवैधानिक प्रावधान एवम् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्थाबमोजिम नेपाल सरकार, सबै प्रदेश सरकारहरू र स्थानीय तहहरूले कानुनी व्यवस्था गरी राहतसम्बन्धी कार्यविधि तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याएका छन्।

विपद् प्रभावितहरूका लागि राहत प्रदान गर्ने सङ्घीय मापदण्ड, २०७७ ले उद्धारको तयारी, अस्थायी आवास, तत्कालीन राहत, काजक्रिया खर्च, राहत सामग्रीहरू उपलब्ध गराउने लगायतका व्यवस्थाहरू गरेको छ। यी कानुनी तथा प्रक्रियागत व्यवस्थाले गर्दा मानवीय सिद्धान्त र सामाजिक न्यायका सिद्धान्तहरूलाई अवलम्बन गरिएको छ। त्यसैगरी, प्रदेश तथा स्थानीय तहहरूले पनि विपद् प्रभावितहरूका लागि राहत प्रदान गर्ने सम्बन्धमा सङ्घीय कानुन, प्रदेश तथा स्थानीय तहका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी ऐनहरूको अधीनमा रही विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन र राहत वितरणसम्बन्धी कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइरहेका छन्। संघ, प्रदेश र स्थानीय तहबाट राहत प्रदान गर्दा दोहोरो नपर्ने गरी राहत वितरण गर्ने कानुनी व्यवस्था समेत गरिएको छ।

## राहत व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

विपद् व्यवस्थापनका क्षेत्रमा प्रत्येक देशको कानुनी व्यवस्थाअनुरूप स्थापित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, समिति, आयोग तथा विभागहरू सामान्यतया कुनै पनि मुलुकमा विपद्का सम्पूर्ण पक्षहरूको व्यवस्थापनको जिम्मेवारी बहन गर्ने संस्थाका रूपमा चिनिन्छन्। ती संस्थाहरूमध्ये अधिकांशले आफ्ना नीति तथा निर्देशिकामा 'स्फेयर मापदण्ड' (Sphere Standard) तथा सोका आधारमा तयार गरिएका 'आधारभूत मानवीय मापदण्ड' (Core Humanitarian Standard) का मान्यताहरूलाई ग्रहण गरेको पाइन्छ।

सन् १९९७ मा सुरु भएको 'स्फेयर मापदण्ड' ले मानवीय सहायताका न्यूनतम गुणस्तर तथा ढाँचाका बारेमा आधारभूत चित्रण तयार गर्न मद्दत गर्दछ। जसको फलस्वरूप विपद्अगाडिको तयारीलाई चुस्त बनाउनुका अतिरिक्त सङ्कटका बखतमा समन्वयलाई सुदृढ राख्न सघाउ पुग्दछ। तथापि यस्ता मापदण्डहरूको स्थानविशेष तथा समयविशेषका सन्दर्भमा गरिने स्थानीयकरणको कार्य भने चुनौतीपूर्ण छन्।

सुरुआतदेखि नै 'स्फेयर मापदण्ड' ले विपद् प्रभावितहरूको जीवन रक्षाका निमित्त केही आधारभूत क्षेत्रमा मानवीय सहायतालाई केन्द्रित गरेको छ। ती आधारभूत क्षेत्र मूलतः चारवटा छन्:

- खानेपानी तथा सरसफाइ,
- खाद्य सुरक्षा तथा पोषण,
- आवास, पुनर्बास तथा गैर-खाद्य सहायता,
- तथा स्वास्थ्य।

'आधारभूत मानवीय मापदण्ड' भन्नाले मानवीय सहायता कार्यमा आबद्ध संस्था तथा व्यक्तिहरू लक्षित गरी जारी गरिएका नौबुँदे प्रतिबद्धतालाई जनाउँछ। जसलाई देहायबमोजिम उल्लेख गरिएको छः

१. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूले आफ्ना आवश्यकताअनुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्छन्।

२. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूको उचित समयमा मानवीय सहयोगमा पहुँच छ।

३. विपतबाट प्रभावित व्यक्ति र समुदायहरू नकारात्मक रूपमा प्रभावित छैनन् र मानवीय कार्य परिणामस्वरूप बढी जागरूक, पुनर्निर्माणशील र कम खतरामा छन्।

४. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूले आफ्नो कानुनी हक– अधिकार जान्दछन्, सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहुँच राख्छन्।

५. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरू सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुँच छ।

६. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूले एकमुष्ट र परिपूरक सहयोग प्राप्त गर्दछन्।

७. विपतबाट प्रभावित व्यक्ति र समुदायहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्; जबकि संस्थाहरूले अनुभव र कामको प्रतिछायाबाट सिक्छन्।

८. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूले प्रतिस्पर्धी तथा सुव्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग प्राप्त गर्दछन्।

९. विपतबाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतहरूको कुशलतापूर्वक, प्रभावकारी तथा नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन्।

यी मापदण्डको परिपालनाले मानवीय सहायतासम्बन्धी कार्यमा आबद्ध त्यस्ता संस्था तथा व्यक्तिका कार्यलाई थप प्रभावकारी बनाउँदछ भने लक्षित समुदायप्रति थप उत्तरदायी बन्न पनि मद्दत गर्दछ।

## राहत मापदण्डमा सुधारको आवश्यकता तथा महत्त्व

वर्तमान सङ्घीय शासन प्रणालीसँग मेल खाने गरी राहत वितरण मापदण्डको निर्माण हुनु अपरिहार्य भएको छ। यस्तो मापदण्डले एकातिर 'स्फेयर मापदण्ड' (Sphere Standard) का प्रावधानलाई पनि ध्यान दिनुपर्दछ भने अर्कातिर दोहोरोपना, अपारदर्शिता तथा राजनीतिक हस्तक्षेप जस्ता हाल भोगिएका टड्कारा समस्याहरूलाई समाधान गर्न सक्नुपर्दछ। राहत व्यवस्थापनलाई विपद् प्रभावित लक्षित, समावेशी, न्यायोचित तथा प्रभावकारी बनाउनु आवश्यक रहेको छ।

विपद् प्रभावितहरूलाई तीन तहका सरकारहरूबाट प्रदान गरिने राहत वितरणसम्बन्धी मापदण्ड विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार अनिवार्य रूपमा तयार गर्नुपर्दछ। उल्लिखित व्यवस्था अतिरिक्त देहायका कारणले पनि राहत मापदण्डमा सुधारको आवश्यकता रहेको छः

(क) विपद् प्रभावित देशभरका नागरिक तथा व्यक्तिहरूलाई तत्काल राहतमा भेदभाव हुन नदिने,

(ख) नगद राहत एवम् खाद्य तथा गैर-खाद्य सामग्री वितरण तथा उद्धार गर्दा स्थानीय साधन स्रोतको अधिकतम उपयोग गर्ने,

(ग) राहत वितरणमा सरकारी, निजी तथा गैरसरकारी सबै क्षेत्रको सहकार्य तथा समन्वयमा जोड दिई एकद्वार प्रणालीबाट राहत वितरण गर्ने,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी तीन तहका संस्थागत संरचनाहरूको संस्थागत विकास तथा समन्वयमा बढावा दिने,

(ङ) विपद् प्रभावितहरूलाई प्रदान गरिने तत्काल राहतमा एकरूपता र समन्वय कायम गर्ने,

(च) विपद्पश्चात्को राहत वितरणसम्बन्धी कार्यमा 'All-of-the-Society Approach' लाई आत्मसात् गर्ने,

(छ) विपद् प्रभावितहरूलाई उपलब्ध गराउने राहत रकम, खाद्य तथा गैर-खाद्य राहत सामग्रीहरू वितरणसम्बन्धी कार्यका लागि सरकारी, निजी तथा गैरसरकारी संस्थाहरू परिचालन गर्ने।

## राहत व्यवस्थापनसम्बन्धी विद्यमान समस्या तथा चुनौतीहरू

विपद्का घटना भएपश्चात् तत्काल खोज, उद्धार तथा राहत व्यवस्थापनसम्बन्धी विभिन्न समस्या तथा चुनौतीहरू रहेका छन्। विपतबाट प्रभावितहरूलाई सरकारी कोषबाट राहतस्वरूप वार्षिक रूपमा ठूलो रकम खर्च भइरहे तापनि विपतबाट प्रभावितहरूमा व्यापक गुनासाहरू रहनु, संघ, प्रदेश र स्थानीय तहबाट दोहोरो पर्ने गरी पनि राहत वितरण भइरहनु, सङ्घीय र प्रदेश ऐनको विपरीत प्रदेश सरकारहरूले पटके निर्णय गरी प्रदेशगत रूपमा फरक फरक रकम राहत प्रदान गर्नु र समग्रमा सङ्घीय तथा प्रादेशिक ऐन नियमविपरीत राहत वितरणसम्बन्धी कार्यहरू भइरहनु लगायतका समस्याहरू देखिएका छन्।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको प्रावधानअनुकूल न्यूनतम राहत वितरणसम्बन्धी मापदण्ड तय नहुनु तथा ऐनको प्रावधानअनुसार राहत वितरणमा एकरूपता नहुनु, कोषको रकम प्रवाहसम्बन्धी अस्पष्टता कायम रहनु, राहत सामग्री खरिद तथा भण्डारण, खाद्य तथा गैर-खाद्य सामग्रीको मापदण्ड तय नहुनु जस्ता समस्याहरू पनि रहेका छन्।

आर्थिक वर्षको अन्त्यमा विपद् व्यवस्थापन कोषमा रकम बाँकी रहेमा राजनीतिक रूपमा भागबन्डा लगाई राहतका नाममा विपतबाट प्रभावित नभएका मानिसहरूलाई प्रभावितको सूचीमा समावेश गरी विपद् राहतका रूपमा रकम वितरण गरिनु, स्थानीय तहबाट राहत दिएकालाई पनि जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समितिमा राहतका लागि सिफारिस गर्नु, स्थानीय तह र जिल्लाबाट नियमानुसार राहत रकम पाइसकेपछि पनि थप राहत प्रदान गर्न प्रदेश र संघमा सिफारिस गर्नु, दातृ निकाय तथा गैरसरकारी संस्थाहरूबाट प्रदान गरिने राहत आफ्नै माध्यमबाट प्रदान गर्ने परिपाटी रहनु, गैरसरकारी संस्थाहरूले आफ्नो कार्यक्रम भएका क्षेत्रमा मात्र राहत वितरण गर्दा कार्यक्रम नभएका छिमेकी स्थानीय तहका नागरिकहरूमा विभेदको आभास हुनु, निजी क्षेत्र र व्यक्तिगत रूपमा प्रदान गरिने राहतमा पनि मापदण्ड कार्यान्वयन गर्न नसक्नु जस्ता समस्याहरू रहेका छन्।

विपतबाट प्रभावितहरूलाई समान रूपमा एकद्वार प्रणालीअनुरूप राहत वितरण गर्ने, तीन तहका सरकारहरूले विपद्को सघनता र क्षतिको मात्राका आधारमा नेपालभर एकरूपता हुने गरी राहत वितरण गर्ने, राहत मापदण्डसम्बन्धी सबै तहका जनप्रतिनिधि र कर्मचारीहरू एवम् आम नागरिकमा जानकारी उपलब्ध गराई सम्बन्धका आधारमा राहत वितरणको रकममा तलमाथि पर्ने गरी निर्णय गरी प्रदान गर्ने परिपाटीको अन्त्य गर्ने, गुणस्तर नभएका खाद्य वस्तुको वितरणमा पूर्ण रोक लगाउने, विपद्

शासनसम्बन्धी निकायहरूको तहगत तथा अन्तरनिकायगत समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने, दातृ संस्था, गैरसरकारी संस्थाहरू तथा निजी क्षेत्रबाट प्रदान गरिने राहत सामग्री तथा रकममा एकरूपता ल्याई एकद्वार प्रणालीबाट राहत वितरण गर्ने लगायतका चुनौतीहरू रहेका छन्।

विपद् व्यवस्थापनका निमित्त कार्ययोजनाअनुसार सालबसाली रूपमा आवश्यक बजेटको उपलब्धता एक प्रमुख चुनौती रहेको छ। विपद्का ठूला घटना केही वर्ष अथवा दशकको अन्तरालमा मात्र घट्ने हुँदा सोका लागि निरन्तर तयारी हालतमा बस्नुपर्ने हुन्छ भन्ने मान्यताको विकास अझै भइसकेको पाइँदैन। तसर्थ, केही वर्ष अथवा दशकको अन्तरालमा घट्ने विपद्का ठूला घटनाका बखत मापदण्डबमोजिम कार्यान्वयन गर्नु समेत अर्को प्रमुख चुनौती रहेको छ।

## सुधारका लागि सुझाव तथा सिफारिस

राहत मापदण्डले विपतबाट प्रभावितहरूलाई प्रदान गरिने तत्काल राहतसम्बन्धी मापदण्डहरूका आधारमा तत्कालीन र दीर्घकालीन कार्यढाँचाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। जसअनुसार सामान्य विपतबाट प्रभावितहरूलाई लक्षित गर्दै नगद राहत रकमसम्बन्धी, खाद्यान्न सामग्रीसम्बन्धी तथा गैर-खाद्य सामग्रीसम्बन्धी मापदण्ड र कार्यढाँचाहरू निर्माण गर्नुपर्ने हुनेछ। त्यसैगरी, विस्थापित अवस्थाका विपतबाट प्रभावितहरूलाई लक्षित गर्दै अस्थायी आवाससम्बन्धी मापदण्ड र कार्यढाँचाहरू समेत निर्माण गर्नुपर्दछ। कतिपय अवस्थामा विपतबाट प्रभावित वस्तीहरू पूर्णरूपमा क्षतिग्रस्त भएका कारण आवास व्यवस्थापन तथा जीविकोपार्जनका क्षेत्रमा दीर्घकालीन समाधानका उपायहरू पनि अवलम्बन गर्नुपर्ने अवस्था आउन सक्छ।

कुनै पनि मापदण्ड विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नियमावली र राष्ट्रिय विपद् कार्यढाँचाले तोकेको ढाँचाअनुरूप नै कार्यान्वयनमा हुनुपर्दछ। यस मापदण्डको कार्यान्वयनका निमित्त राहत सामग्री प्राप्ति, भण्डारण, ढुवानी तथा वितरणसम्बन्धी व्यवस्था गर्नका निमित्त समेत कार्यढाँचाहरू तय गरिएको छ। यसका लागि आपत्कालीन खाद्य तथा गैर-खाद्य गोदाम घर, मानवीय सहायता केन्द्र, लजिष्टिक हब तथा अन्य गोदामहरूको व्यवस्था समेत गर्नुपर्दछ।

विपतबाट प्रभावितहरूलाई लक्षित गर्दै नगद राहतसम्बन्धी व्यवस्था गरिने सन्दर्भमा उक्त मापदण्डहरूले तहगत सरकारका कोषहरूबाट राहत रकम दोहोरो नपर्ने गरी वितरणको प्रबन्ध गरेको छ। सङ्घीय मापदण्डमा सङ्घीय विपद् व्यवस्थापन कोषबाट प्रदेश, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रकम प्रवाहसम्बन्धी व्यवस्था तथा प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रकम प्रवाहसम्बन्धी व्यवस्था समेत उल्लेख गरिएको छ।

## राहत व्यवस्थापनसम्बन्धी सुझाव

संघ, प्रदेश र स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नियमावली, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्देशिका, प्रदेश तथा स्थानीय तहका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनहरू लगायतका व्यवस्थाअनुसार प्रत्येक वर्ष सम्भावित विपद्का घटनाहरूको आँकलन, प्रभावित हुन सक्ने विभिन्न उमेर समूहका व्यक्ति तथा परिवारको संख्या पहिचान गर्नुपर्दछ।

त्यसैगरी, खोज तथा उद्धारका लागि आवश्यक औजार, उपकरण र सामग्रीहरूको मौज्दात र तिनीहरूको अवस्थिति, विभिन्न निकायहरूमा रहेको मौज्दात, प्रतिकार्यमा संलग्न निकायहरूको कार्य जिम्मेवारी र जिम्मेवार व्यक्तिहरूको सम्पर्क नम्बर र नाम, एम्बुलेन्स, दमकल तथा हेभी औजार/उपकरणको विवरण लगायतका सुरक्षा सतर्कता तथा तयारी व्यवस्थापन गरिनुपर्दछ। विस्थापितहरूलाई राख्ने खुला स्थान, अस्थायी आवास, खानेपानी तथा शौचालय लगायतका अन्य महत्त्वपूर्ण विवरणहरू उल्लेख गरी भौगोलिक नक्सा (GIS Map) तयार गर्नुपर्दछ।

विपतबाट प्रभावितहरूलाई मानवीय खोज, उद्धार तथा उपचारका साथै तत्काल नगद, खाद्य तथा गैर-खाद्य राहत प्रदान गर्न देहायबमोजिम सिफारिस गरिएको छः

## विपतबाट प्रभावितहरूलाई प्रदान गरिने तत्काल राहतसम्बन्धी सिद्धान्तहरू

विपतबाट प्रभावित घरपरिवारहरूलाई स्थानीय प्रहरीको मुचुल्का र वडाको सिफारिसका आधारमा सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले तत्काल राहत स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउनुपर्दछ। यसले विपतबाट प्रभावितले स्थलगत रूपमा तत्काल राहत प्राप्त गर्न सक्छन्। राहत उपलब्ध गराउँदा सबै सरोकारवालाहरूले देहायका मानवीय सिद्धान्तहरू पालना गर्नुपर्ने हुन्छः

- राहत व्यवस्थापन कार्य उपयुक्त र सान्दर्भिक हुनुपर्ने,
- राहत वितरण प्रभावकारी हुनुपर्ने,
- राहत समयमा नै वितरण हुनुपर्ने,
- राहत कार्य पारदर्शी र निष्पक्ष हुनुपर्ने,
- पीडितको गुनासोलाई सुनुवाइ गरी सम्बोधन भएको हुनुपर्ने,
- राहत वितरणमा समन्वय र सहकार्य भएको हुनुपर्ने,
- राहत कार्य भेदभावमुक्त हुनुपर्ने,
- लैङ्गिक हिंसामुक्त बनाउने,

- प्रभावितहरूको अवस्थाअनुसारको राहत सामग्री वितरण गर्नुपर्ने )Dignity Kits, Baby Foods, Senior-citizen and Disability related relief materials)
- राहत वितरणमा पीडितको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न प्रयास गर्नुपर्ने।

विपद्पश्चात् प्रभावितहरूलाई तत्काल राहत प्रदान गर्दा नागरिक वा गैर-नागरिक दुवैलाई देहायबमोजिम तत्कालीन राहत उपलब्ध गराउनुपर्दछ। राहत उपलब्ध गराउनुअघि सम्बन्धित स्थानीय वडा र स्थानीय प्रशासनले विपतबाट प्रभावितहरूको सही पहिचान गर्नुपर्दछ। यसको लागि विपद् व्यवस्थापन समिति र आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग समन्वय गरी जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियतामा Immediate Rapid Assessment (IRA) गर्नुपर्दछ।

**(क) नगद राहत रकमसम्बन्धी :** घर वा आवास पूर्ण रूपमा क्षति भएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले राहत रकम स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने। यसले गर्दा राहत वितरण समयमै हुनसक्छ र स्थानीय आवश्यकताअनुसार राहत वितरण हुन्छ।

**(ख) राहत खाद्यान्नसम्बन्धी :** घर वा आवास पूर्ण रूपमा क्षति भई खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा लगायत सम्पूर्ण रूपमा नष्ट भएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समिति वा आवश्यकताअनुसार प्रदेश र विपद् व्यवस्थापन प्राधिकरणको समेत सहयोग लिई राहत खाद्यान्न उपलब्ध गराउनुपर्दछ। यसमा नेपाल सरकारको खाद्य भण्डारको प्रयोग गर्नुपर्दछ र सरकारी गोदामहरूमा नभएमा मात्र बजारबाट खरिद गरी राहत वितरण गर्नुपर्छ। यसका लागि विकास साझेदारहरूको समेत सहयोग लिनुपर्ने हुनसक्छ।

**(ग) गैर-खाद्य राहत सामग्रीसम्बन्धी**

- घर वा आवास पूर्ण रूपमा क्षति भई बस्न नमिल्ने अवस्था भएमा स्थानीय विपद् व्यवस्थापन समितिले गैर-खाद्य राहत सामग्री उपलब्ध गराउने।
- गैर-खाद्य राहत सामग्री जिल्ला, प्रदेश वा संघको गोदाममा रहेको मौज्दात वा संघसंस्थाहरूको मौज्दात वा निजी क्षेत्रबाट प्राप्त गरी उपलब्ध गराउने।
- मौज्दातबाट प्राप्त सामग्रीले अपुग भएमा वा तत्काल प्राप्त गर्न सम्भव नभएमा मात्र बजारबाट खरिद गरी गैर-खाद्य राहत सामग्री उपलब्ध गराउने।

**(घ) विस्थापित अवस्थाका विपतबाट प्रभावितहरूलाई प्रदान गरिने अल्पकालीन राहत**

- विपतबाट आफ्नो थातथलोमा बस्न नमिल्ने अवस्था भई विस्थापित भएका परिवारहरूलाई माथि उल्लेख गरिएको तत्काल नगद राहत, राहत खाद्यान्न तथा गैर-खाद्य राहत सामग्रीहरू स्थानीय विपद् व्यवस्थापन समितिको अग्रसरतामा उपलब्ध गराउने।

- विपतबाट प्रभावितहरूलाई अस्थायी आवास निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिबाट नगद राहत तत्काल उपलब्ध गराउन सक्ने। सामूहिक अस्थायी आवास निर्माण गर्नुपर्ने अवस्था भएमा सुरक्षा निकाय तथा विकास साझेदारहरूको समेत सहयोग लिई पहिचान भएको खुला क्षेत्र वा सुरक्षित स्थानमा तत्काल अस्थायी आवास निर्माण गरी व्यवस्थापन गर्नुपर्ने।
- अस्थायी आवास निर्माणका लागि आवश्यक काठ, ढुङ्गा, गिट्टी वा बालुवा लगायतका प्राकृतिक साधन स्रोतको उपलब्धताका लागि सम्बन्धित स्थानीय तहले समन्वय गरिदिनुपर्ने।
- विस्थापितहरू अस्थायी रूपमा बसेको स्थानको सुरक्षाका साथै मानव बेचबिखन, महिला हिंसा, यौनजन्य हिंसा लगायतका अवाञ्छित गतिविधि नियन्त्रण गर्न सम्बन्धित जिल्लाको जिल्ला सुरक्षा समितिले आवश्यक व्यवस्था मिलाउनुपर्ने।
- विपतबाट प्रभावितहरूलाई आवश्यकताअनुसार स्थानीय वा विशिष्ट प्रकारको उपचारको व्यवस्था मिलाउने।
- विपद्पश्चात् आउन सक्ने महामारी नियन्त्रण गर्न पानी शुद्धीकरण र सरसफाइ अभियान सञ्चालन गर्ने।
- आवश्यक परेमा विपतबाट प्रभावितलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने।

राहत वितरणका क्रममा खोज, उद्धार र उपचारसम्बन्धी कार्यहरू पनि सञ्चालन भइरहेका हुन्छन्। राहतपश्चातको पुनर्स्थापना तथा पुनर्निर्माणलाई समेत ध्यानमा राखी राहत वितरण कार्यलाई छिटोछरितो र प्रभावकारी बनाउनुपर्दछ। राहत वितरणका क्रममा शान्तिसुरक्षासम्बन्धी चुनौतीसमेत देखापर्ने भएकाले सुरक्षा निकायको परिचालनलाई प्रभावकारी बनाउनुपर्छ। राहत वितरणमा विकास साझेदारहरूको सहयोग लिँदा सामाजिक सद्भाव खल्बलिन नदिने प्रबन्ध स्थानीय प्रशासनले मिलाउनुपर्छ। राहत वितरणसम्बन्धी कार्यमा विभेद हुन नदिन तथ्याङ्क सङ्कलन र त्यसको सत्यापनमा जिल्ला विपद् व्यवस्थापन र स्थानीय प्रशासनले विशेष ध्यान पुऱ्याउनुपर्दछ।

विपद्पश्चातको राहत वितरणलाई समन्यायिक बनाउन र सबैलाई समान पहुँच उपलब्ध गराउन स्थानीयस्तरमा एकद्वार प्रणालीको अवलम्बन गर्नुपर्दछ। यसको अर्थ सबै राहत सामग्री एक स्थानमा ल्याएर लाइन लगाएर वितरण गर्ने नभई जिल्ला वा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा दोहोरो नपर्ने गरी स्थान पहिचान गरेर राहत वितरण गर्ने हो। सबै ध्यान राहत वितरणमा मात्र केन्द्रित

नगरी, खासगरी राहतपश्चात् जनजीवनलाई सामान्य बनाउन जीविकोपार्जन र पुनर्स्थापनासम्बन्धी कार्यक्रमलाई जोड दिनुपर्छ।

विपद्का घटनापश्चात् आपतकालीन कार्यसञ्चालन केन्द्रहरूद्वारा सञ्चालित विपद् व्यवस्थापन सूचना प्रणाली वा विपद् व्यवस्थापन पोर्टलमार्फत् विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण, अद्यावधिक, समन्वय, आदानप्रदान र प्रवाह गर्नुपर्दछ। अन्तमा, विपद्को ठूलो घटना भई राष्ट्रिय सङ्कटकाल घोषणा भएको अवस्थामा विपद् प्रतिकार्य नियन्त्रकले विपद्पश्चातको तत्काल राहतका लागि सबै तहका सरकारी निकाय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूको समन्वय तथा परिचालन गर्नुपर्दछ।

## सन्दर्भ सामग्री

आधारभूत मानवीय मापदण्ड एलायन्स, URD समूह र द स्फेयर परियोजना. (२०१५). *आधारभूत मानवीय मापदण्ड.* काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६६). *विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय कार्यढाँचा, २०६६.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६६). *विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६६). ***विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०)***. गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६७). *विपद् प्रतिकार्य कार्ययोजना तर्जुमा निर्देशिका, २०६७.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६९). *दैवी प्रकोप उद्धार ऐन, २०३९.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०६९). *शव व्यवस्थापन कार्यविधि, २०६९.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७२). *आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७२.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७२). *गोदामघर व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७२.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७२). *नेपालको संविधान.* कानून किताब व्यवस्था समिति, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७५). *राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४.* कानून किताब व्यवस्था समिति, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७५). *स्थानीय सरकार सञ्चालन ऐन, २०७४.* कानून किताब व्यवस्था समिति, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७५). *विपद् प्रतिकार्य कार्यढाँचा (पहिलो संशोधन, २०७५), २०७१.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७६). *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

नेपाल सरकार. (२०७७). *विपद् प्रभावितहरूलाई प्रदान गरिने राहत वितरणसम्बन्धी मापदण्ड, २०७७.* गृह मन्त्रालय, काठमाडौं, नेपाल.

बागमती प्रदेश सरकार. (२०७५). *बागमती प्रदेश विपद् उद्धार खर्च सञ्चालन कार्यविधि, २०७५.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा, नेपाल.

बागमती प्रदेश सरकार. (२०७५). *बागमती प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा, नेपाल.

सुदूरपश्चिम प्रदेश सरकार. (२०७६). *सुदूरपश्चिम प्रदेश हवाई उद्धार कार्यविधि, २०७६.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, नेपाल.

सुदूरपश्चिम प्रदेश सरकार. (२०७६). *सुदूरपश्चिम प्रदेश राहत वितरणसम्बन्धी कार्यविधि, २०७६.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, नेपाल.

सुदूरपश्चिम प्रदेश सरकार. (२०७७). *सुदूरपश्चिम प्रदेश प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, नेपाल.

स्फियर एशोसिएसन. (२०७८). *स्फियर निर्देशिका.* प्लानेट ग्राफिक्स एण्ड प्रिन्टस प्रा. लि., बानेश्वर, काठमाडौं.

Asian Disaster Preparedness Center, Asian Disaster Reduction Center, UNISDR. 2007. *Regional Synthesis Report on HFA Implementation in Asia and Pacific: An Overview of Reports* by Countries up to 2007. https://www.facebook.com/groups/sufiguidancehungamasgc/posts/8833098743475152/

*राउत, कृष्ण बहादुर, २०८२*

UNDRR. (n.d.). *सेन्डाई फ्रेमवर्क फर डिजास्टर रिस्क रिडक्शन*[Sendai Framework for Disaster Risk Reduction]. उपलब्धः https://www.undrr.org/publication/sendai-framework-disaster-risk-reduction-2015-2030

UNISDR. (n.d.). *ह्योगो फ्रेमवर्क फर एक्सन* [Hyogo Framework for Action]. उपलब्धः http://www.eird.org/wikien/index.php/Hyogo_Framework_for_Action_(HFA